मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ३० गते मंगलबार ❑ 14 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## 'भानुभक्तको योगदान पाठ्यक्रममा मात्र होइन, भावी पुस्तासम्म पुऱ्याउनुपर्छ'–प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

आदिकवि भानुभक्त आचार्यको २१३ औँ जन्मजयन्ती पोखरामा प्रभातफेरी, सम्मान तथा साहित्यिक विभिन्न कार्यक्रम गरि मनाइएको छ।

भानु वाङ्मय प्रतिष्ठानको आयोजना तथा भानुमार्ग टोल विकास संस्था र भानुमार्ग (क) आमा समूहको सहआयोजनामा सम्पन्न कार्यक्रममा मानवअधिकार चोकबाट सुरु भएको प्रभातफेरी पोखरा-११, फूलबारीस्थित भानुभक्तको सालिक परिसरमा पुगेर सभामा परिणत भएको थियो।

कार्यक्रममा गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले आदिकवि भानुभक्तले नेपाली भाषा, साहित्य र राष्ट्रिय एकताको भावनालाईसुदृढबनाउनपुऱ्याएको योगदान अतुलनीय रहेको बताउनुभयो। उहाँले भानुभक्तले नेपाली भाषालाई साझा भाषिक सूत्रका रूपमा स्थापित गर्दै नेपालीपनको भावना बलियो बनाएको उल्लेख गर्नुभयो। प्रदेश प्रमुख भट्टले भानुभक्तका कृति र विचारलाई विद्यालयको



पाठ्यक्रममा मात्र सीमित नराखी आधुनिक प्रविधिको उपयोग गर्दै डिजिटल माध्यम, अनुसन्धान, अध्ययन, साहित्यिक विमर्श तथा सिर्जनात्मक अभ्यासमार्फत भावी पुस्तासम्म पुऱ्याउनु आजको आवश्यकता भएको धारणा राख्नुभयो।

गण्डकी प्रदेश साहित्यिक दृष्टिले उर्वर भूमि भएकाले यस्ता कार्यक्रमले साहित्य संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने उहाँको भनाइ थियो। भानुभक्तको 'घाँसी' प्रसङ्गबाट प्रेरित भएको उल्लेख गर्दै प्रदेश प्रमुख भट्टले समाजका लागि केही योगदान गर्नुपर्ने सन्देशलाई आत्मसात् गर्दै आफूले प्रत्येक वर्ष आफ्नो बचतको २५ प्रतिशत सामाजिक कार्यमा सहयोग गर्ने गरेको जानकारी दिनुभयो। सोही क्रममा उहाँले भानु वाङ्मय प्रतिष्ठानलाई २० हजार १०५ रुपैयाँ आर्थिक सहयोग प्रदान गर्नुभयो। कार्यक्रममा नेपाली विषयका विद्यार्थी जमुना कुमारी रिमाललाई १० हजार रुपैयाँ नगदसहित 'भानु वाङ्मय शिक्षा पुरस्कार' प्रदान गरिएको थियो। त्यसैगरी नेपाली विषय अध्यापन गराउने कास्की जिल्लाका माध्यमिक तहका शिक्षक टेकनाथ पोखरेल (पीडित) लाई १५ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको थियो।

प्रतिष्ठानका सचिव अम्बिकाप्रसाद भट्टराईका अनुसार पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले स्थापना गरेको एक लाख २५ हजार रुपैयाँको अक्षयकोषबाट पृथ्वीनारायण क्याम्पसमा नेपाली विषयमा स्नातकोत्तर तहमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई तथा पूर्व जनप्रतिनिधि निर्मल कर्माचार्यले स्थापना गरेको एक लाख एक हजार रुपैयाँको अक्षयकोषबाट प्रत्येक वर्ष ज्येष्ठ शिक्षकलाई सम्मान गरिँदै आएको छ।

कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सुर्य खड्का विखर्ची, पुतलीबजार प्रज्ञा प्रतिष्ठानका उपकुलपति दुर्गाबहादुर शाह (बाबा), पूर्व जनप्रतिनिधि निर्मल कर्माचार्य, अग्रज साहित्यकार पद्मराज ढकालगायत वक्ताहरूले आदिकवि भानुभक्त आचार्यको साहित्यिक योगदान, नेपाली भाषाको विकासमा उहाँको भूमिका तथा उहाँका कृतिको समसामयिक महत्वबारे चर्चा गर्नुभयो। भानु वाङ्मय प्रतिष्ठानका कार्यवाहक अध्यक्ष हाजिफ अलिमियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा साहित्यप्रेमी, शिक्षक, विद्यार्थी तथा विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

## 'भानुभक्त जन्मस्थलको संरक्षण र प्रवर्द्धन गर्ने दायित्व सबैको हो'

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आदिकवि भानुभक्त आचार्यको जन्मस्थलको संरक्षण, प्रवर्द्धन र सम्वर्द्धन गर्ने दायित्व यहाँका स्थानीयका साथै तीनै तहका सरकारको भएको बताउनुभएको छ।

भानु जन्मस्थल विकास समितिद्वारा २१३औँ भानु जन्मजयन्तीको अवसरमा सोमबार भानु नगरपालिका-४ चुँदीरम्घामा आयोजित कार्यक्रममा मुख्यमन्त्री पाण्डेले भानु जन्मस्थलको विकाससँगै भाषिक पर्यटनसँग जोड्नुपर्ने आवश्यकता औँल्याउनुभयो। "आदिकवि भानुभक्तले नेपाली भाषामार्फत हामीलाई जोड्नुभयो। अब हामी विकास र समृद्धिमार्फत तनहुँका हरेक नागरिकलाई जोड्ने प्रण गरौँ। समय बित्दै जाँदा भानु उद्यान साहित्यिक केन्द्रको सान्दर्भिकता बढ्दै जान्छ भन्ने महसुस गरेको छु", मुख्यमन्त्री पाण्डेलेभन्नुभयो,"अहिलेमुलुकका लाखौँ युवा शिक्षा र रोजगारीका लागि विदेशिएका छन्। आगामी सयौँ वर्षपछि विदेशियाका नेपालीका सन्तति आफ्नो भाषा र साहित्यको पहिचान खोज्न यहीँ थलोमा आउनेछन्।" यसको महत्व जतिजति समय बढ्दै जान्छ उतिउति संसारभरि फैलिँदै जाने बताउँदै यसका लागि आपसी सहकार्य र समन्वयमार्फत



अहिले त्यो जग खडा गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। "भाषिक एकीकरण गर्ने व्यक्तित्वको जन्मस्थललाई साहित्यिक पर्यटनसँग जोडेर प्रवर्द्धन गर्न हामी सबै नेपाली एकजुट हुनुपर्छ", उहाँले भन्नुभयो। प्रतिनिधिसभाका सांसद श्रीराम न्यौपानेले आज पनि यस पवन जन्मभूमिमा उभिएर आदिकवि भानुभक्त आचार्यप्रति श्रद्धाञ्जली अर्पण गर्नु मेरा लागि पारिवारिक गौरव र आत्मिक सौभाग्य भएको बताउनुभयो। उहाँले भन्नुभयो, "आज असार २९ गते हामी नेपाली भाषा र साहित्यका अमर साधक आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती मनाउन यहाँ एकत्रित भएका छौँ, यसले मलाई सोभाग्यमानी महसुस गराइरहेको छ।"

सांसद न्यौपानेले तनहुँको समृद्धिका लागि सामूहिक प्रयासको आह्वान गर्नुभयो। यसमा स्थानीय स्रोतसाधनको उपयोग, युवाहरूको सीप विकास तथा रोजगारी सिर्जना, कृषि, पर्यटन र भाषा, साहित्यको प्रवर्द्धनका साथै खानेपानी, सिँचाइ र सडकजस्ता पूर्वाधार आयोजनाहरू समावेश गरेर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो। सांस्कृतिक तथा भौगोलिक रूपमा महत्व बोकेको तनहुँका समृद्ध सांस्कृतिक तथा भौगोलिक स्थलहरू जस्तै व्यास, देवघाट, बन्दिपुर, मनहुँकोट, छब्दी बाराही र ढोरबाराहीलाई प्रमुख सम्पदास्थलका रूपमा समावेश गरेर विकास र पर्यटन प्रवर्द्धन गरी जिल्लालाई समृद्ध बनाउन सकिने सांसद न्यौपानेले धारणा राख्नुभयो। साथै, मर्स्याङ्दी, सेती, मादी र नारायणीजस्ता नदीले स्थानीय ऊर्जा, पर्यटन र विकासमा टेवा पुऱ्याउन सक्ने उहाँको भनाइ छ। भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले भावी पुस्ताका लागि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा–घान्द्रुक सडक अस्थायी रूपमा सञ्चालन, सतर्कता अपनाउन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

अविरल वर्षापछि आएको बाढी र पहिरोका कारण आइतबारदेखि अवरुद्ध भएको कास्कीको अन्नपूर्ण गाउँपालिका अन्तर्गत नयाँपुल-वीरेठाँटी-घान्द्रुक सडक खण्ड आज (सोमबार) साँझदेखि अस्थायी रूपमा सञ्चालनमा आएको छ।

अन्नपूर्ण गाउँपालिका-८ स्थित सेउलीबजार क्षेत्रमा गएको पहिरो हटाई वैकल्पिक मार्ग निर्माण गरेपछि सडकमा सवारी आवागमन सुरु गरिएको अन्नपुर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले जानकारी दिनुभयो।

गाउँपालिका, सुरक्षा निकाय तथा स्थानीयवासीको संयुक्त प्रयासमा डोजर प्रयोग गरी सडक खुलाइएको उहाँले जनाउनु भयो। सडक खुलेसँगै हिजोदेखि घान्द्रुक क्षेत्रमा रोकिएका १५ भन्दा बढी सवारीसाधन सोमबार साँझ पोखरातर्फ फर्किएका छन् भने पोखरा र वीरेठाँटीबाट घान्द्रुकतर्फ पनि केही सवारीसाधन सञ्चालन हुन थालेका छन्। यद्यपि निरन्तर वर्षा भइरहेको र मोदी खोलाको बहाव अझै उच्च रहेकाले सडक पूर्ण रूपमा सुरक्षित नभएको अध्यक्ष केसीले बताउनुभयो। उहाँले आवश्यक सतर्कता अपनाउन, विशेष गरी रातिको समयमा यात्रा नगर्न सर्वसाधारणलाई आग्रह गर्नुभयो। सडक खुलाउने कार्यमा अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रवक्ता, वडा अध्यक्षहरू, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, उपल्लो मोदी हाइड्रो कम्पनी, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) तथा स्थानीय समुदायको सक्रिय सहभागिता रहेको पालिकाका प्रवक्ता भरतमान गुरुङले बताउनु भयो। घटनास्थलमा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बराल सहितको टोली पुगेर क्षतिको अवलोकन तथा वस्तुस्थिति मूल्याङ्कन गरेको छ।

बाढीले सेउलीबजारमा रहेका दुई व्यवसायमा ठुलो क्षति पुऱ्याएको छ। गाउँपालिकाका प्रवक्ता भरतमान गुरुङका अनुसार दिलिप गुरुङको रेष्टुरेन्टमा करिब २५ लाख रुपैयाँ बराबरको तथा जगन पुनको रेष्टुरेन्टमा करिब १२ लाख रुपैयाँ बराबरको क्षति पुगेको छ। केही घरमा समेत बाढी पसेर भौतिक क्षति भएको जनाइएको छ। यसअघि आइतबार परेको अविरल वर्षापछि किम्रुङ खोलाबाट आएको भीषण बाढीले वीरेठाँटी-घान्द्रुक सडक कटान गर्नुका साथै अन्नपूर्ण पदमार्गमा रहेको झोलुङ्गे पुल बगाएको थियो। गाउँपालिकाले नदी तथा खोला आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन, जोखिमयुक्त क्षेत्रमा नजान तथा मौसममा सुधार नआएसम्म अनावश्यक यात्रा नगर्न पुनः अनुरोध गरेको छ।

## बाढीले निर्माणाधीन माथिल्लो मोदी 'ए' जलविद्युत् आयोजनामा क्षति

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

कास्कीको अन्नपूर्ण गाउँपालिका-११ स्थित किम्रुङ खोलामा आएको बाढीले सोही स्थानमा निर्माणाधीन माथिल्लो मोदी 'ए' जलविद्युत् आयोजनामा क्षति पुऱ्याएको छ।


आयोजनास्थलमा रहेका विभिन्नभौतिकसंरचनारउपकरणमा आइतबार लेदोसहितको बाढी पसेको थियो। बाढीले कङ्क्रिट उत्पादन केन्द्र (ब्याचिङ प्लान्ट), गिट्टी प्रशोधन केन्द्र (क्रसर प्लान्ट) लगायत संरचनामा क्षति पुऱ्याएको आयोजनाका प्राविधिक कुमारमधु बेलवासेले जानकारी दिनुभयो। "आयोजनास्थल जोड्ने



सडक पनि ठाउँठाउँमा भत्केको छ, ड्रम, पाइपलगायत निर्माण सामग्री बाढीले बगाएको छ", उहाँले भन्नुभयो, "आयोजनामा भएको क्षतिको विस्तृत विवरण सङ्कलन गर्दैछौँ।" पहुँच मार्गमा क्षति पुगेपछि आयोजनास्थल आवातजावत गर्न पनि कठिनाइ सिर्जना भएको आयोजनाका प्राविधिक बेलवासेले बताउनुभयो। घान्द्रुक प्रहरी चौकीका प्रहरी सहायक हवल्दार सागर चौधरीले आयोजनास्थलमा निर्माण गरिएका सुरुङ र अस्थायी टहरामा पनि बाढी पसेको बताउनुभयो। उहाँले रु एक करोड बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको जानकारी दिनुभयो।

बयालिस मेगावाट क्षमताको उक्त जलविद्युत् आयोजना दुई वर्षअघि ठेक्का सम्झौता भई निर्माण सुरु भएको थियो। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीमार्फत रु १० अर्ब ५७ करोडको लागतमा उक्त आयोजना निर्माण हुन लागेको हो।

किम्रुङ खोलाको बाढीले झोलुङ्गे पुलसमेत बगाएको थियो। किम्रुङ खोला हुँदै मोदी खोलामा मिसिएको बाढीले अन्नपूर्ण गाउँपालिका-८ र १० को सीमाना स्याउली बजारमा एक घर, रेष्टुराँ र घान्द्रुक जोड्ने सडकमा क्षति पुगेको थियो।



# मोदी खोलाले सडक बगाउँदा घान्द्रुकमा पर्यटक अलपत्र

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

मोदी खोलामा आइतबार आएको बाढीले पक्की सडक बगाउँदा पर्यटकीय गाउँ घान्द्रुक घुम्न गएका पर्यटक अलपत्र परेका छन् ।

कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं ८ र १० को सीमा स्याउलीबजार नजिक मोदी खोलाले सडक बगाएपछि अहिले नयाँपुल-विरेठाँटी-घान्द्रुक सडकमा यातायात बन्द भएको छ। अन्नपूर्ण गाउँपालिका-११ स्थित किम्रुङ खोला थुनिपछि आएको बाढीका कारण उर्लिएको मोदी खोलाले सडक बगाउँदा ग्रामीण पर्यटको केन्द्र घान्द्रुकसँगको सडक सम्पर्क टुटेको थियो ।



सडक बन्द हुँदा घान्द्रुक घुम्न गएका पर्यटक अलपत्र परेका छन् । पैदल यात्राका लागि समस्या नभए पनि सवारीसाधनमा गएका पर्यटक घान्द्रुकमै रोकिएका हुन् ।

घान्द्रुक पर्यटन व्यवसायी समितिका कोषाध्यक्ष कृष्ण गुरुङले तीन दिन बिदा मनाउने सिलसिलामा घान्द्रुक पुगेका ३०० जना पर्यटक अहिले सडक बगाएपछि त्यहाँ रोकिनु परेको जानकारी दिनुभयो ।

"खोलाले सडक बगाएकाले अहिले गाडी चलेको छैन । अधिकांश पर्यटक आफ्नै साधन लिएर आएकाले अहिले बाटो खुल्ने प्रतीक्षामा बसिरहनुभएको छ । साना साधनका लागि वैकल्पिक सडकको खोजी गरिरहेका छौँ," गुरुङले भन्नुभयो ।

मोटरसाइकल र स्कुटरमा गएका पर्यटकहरुलाई घान्द्रुकबाट-खुलिबाङ-मोहरिया-तमु हुँदै विरेठाँटी निस्कने कच्ची सडकबाट यात्रा गराउनका लागि अहिले बाटो मर्मतको काम भइरहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले घान्द्रुक घुम्न गएका र एबिसी पदयात्रामा गएका पर्यटक समस्या परेपछि अहिले सडक खुलाउन स्थानीय प्रशासन, प्राविधिक टोली स्याउलीबजार पुगेको बताउनुभयो ।

"समस्यामा परेका पर्यटकलाई वैकल्पिक सडक मर्मत गरेर आवतजावत गराउने कि भनेर छलफलमा छौँ । हाल पानी पर्न कम भएको र नदीको बहाव पनि घटेकाले सडक बगाएको स्थानमा एकतर्फी भए पनि यातायात चलाउन सकिन्छ कि भनेर प्रशासनसँग छलफल गरिरहेका छौँ," गाउँपालिका अध्यक्ष केसीले भन्नुभयो। अन्नपूर्ण गाउँपालिका-११ मा पर्ने घान्द्रुक गाउँ अन्नपूर्ण आधार शिविर (एबिसी) र घोरेपानी-पुनहिल पदयात्राको प्रवेशद्वार पनि हो ।

# शुक्ला साहित्य प्रतिष्ठानमा भानु जयन्ति

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

शुक्ला साहित्य प्रतिष्ठान, पोखराले २ सय १३ औं भानु जयन्ति साहित्यिक कार्यक्रम गरी मनाएको छ ।

बिगतका बर्षदेखि नै निरन्तर रुपमा बिभिन्न कार्यक्रम गरी भानु जयन्ति मनाउँदै आएको प्रतिष्ठानले यस पटक आदिकवि भानुभक्त सर्मपित कविता बाचन गरि मनाएको प्रतिष्ठानका सहसचिव संजय थापाले जानकारी दिए । कार्यक्रमको उद्धाटन गर्दै कवि एवं प्रतिष्ठानका पुर्व अध्यक्ष नेत्रबहादुर बानियाँले आदिकवि भानुभक्त आचार्यको कवित्व तथा व्यक्तित्वको चर्चा गर्दै, आचार्य नेपाली भाषा र साहित्यको युग नायक भएको बताए । उनले आचार्यद्वारा




लिखित भानुभक्तिय रामायणका श्लोक पनि प्रस्तुत गरेका थिए ।

कार्यक्रममा प्रतिष्ठानका संरक्षक कुञ्जराज थापा, मानार्थ सदस्य कुलबहादुर खत्री, पुर्व अध्यक्ष हरिबहादुर बरुवाललगायतले साहित्यको थप विकास र विस्तारका लागि राज्यले नै योजना बनाउन सके मात्र आदिकविप्रति सच्चा स्मरण हुने बताए । पुर्व अध्यक्ष बरुवालले रामायण वाचन समेत गरेका थिए । प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा कवि छविलाल आचार्य, इन्दु भट्टराई, पत्रकार यदुनाथ बञ्जराले कविता वाचन गरेका थिए। प्रतिष्ठानका वरिष्ठउपाध्यक्ष गीता भण्डारीले स्वागत गरेको कार्यक्रमको संचालन सहसचिव संजय थापाले गरेका थिए।

# हतानमगर र गुरुङ कर्म-कर्ण आदिवासी जनजाति पत्रकारिता पुरस्कारबाट सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

पत्रकार रुद्रबहादुर हितानमगर र इन्दिरा गुरुङ कर्म-कर्ण आदिवासी जनजाति पत्रकारिता पुरस्कारबाट सम्मानित हुनुभएको छ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) कास्कीले स्थापना गरेको कर्म-कर्ण आदिवासी जनजाति पत्रकारिता पुरस्कार अन्तर्गत हितानमगरलाई २०८२ सालको तथा गुरुङलाई २०८३ सालको पुरस्कार प्रदान गरिएको हो।

पुरस्कार वितरण कार्यक्रममा गण्डकी प्रदेशकी प्रेस रजिस्ट्रार विमला भण्डारी र पुरस्कारदाता कर्म गुरुङले भांग्रा, घलेक, सम्मानपत्र तथा जनही १० हजार रुपैयाँ नगदसहित सम्मान गर्नुभयो । सो अवसरमा बोल्दै प्रेस रजिस्ट्रार भण्डारीले पत्रकारिता क्षेत्रमा समर्पित व्यक्तित्वको सम्मानले नयाँ पुस्ताका पत्रकारलाई व्यावसायिक, जिम्मेवार र सिर्जनशील पत्रकारितातर्फ प्रेरित गर्ने बताउनुभयो। तमु धिं नेपालका संस्थापक अध्यक्ष कर्म गुरुङर उहाँका श्रीमान कर्ण गुरुङको वैवाहिक वर्षगाँठको अवसरमा स्थापना गरिएको उक्त पुरस्कार आदिवासी जनजाति पत्रकारितामा योगदान पुऱ्याउने सञ्चारकर्मीलाई वार्षिक रूपमा प्रदान गरिँदै आएको हो।



पुरस्कारदाता कर्म गुरुङले पत्रकारिताको क्षेत्रलाई नजिकबाट नियालिरहेको बताउँदै यो सम्मानले आदिवासी जनजातिका आवाजलाई बुलंद बनाउन थप जिम्मेवारबोध गराउने विश्वास लिएको बताउनुभयो । तमु धिं नेपालका अध्यक्ष एवं फोनिज कास्कीका सल्लाहकार हुम गुरुङले सम्मानलाई संस्थागत गर्न उचित हुने भन्दै समावेशी पत्रकारिता आजको आवश्यकता रहेको बताउनुभयो। समारोहमा नेवा खल कास्कीका अध्यक्ष अशोक पालिखेले पत्रकारिताकोमाध्यमबाटआदिवासी जनजातिका बिषयलाई समाजमा उजागर गर्दै लैजानुपर्नेमा जोड दिनुभयो । पुरस्कार छनोट समितिका संयोजक दिपेन्द्र श्रेष्ठले ४० दशक बढी पत्रकारिता गर्दै आउनुभएका पत्रकार हितानमगर पत्रकारिता क्षेत्रमा नै प्रेरणाको श्रोत रहनुभएको बताउनुहुदै भाषामा पत्रकारितामा गुरुङको लगनशीलता उत्कृष्ट रहेको बताउनुभयो । २०८२ सालका पुरस्कृत हितानमगरले यो सम्मानबाट अझै पत्रकारिता गर्ने जोश आएको बताउनुभयो। उहाँले आदिवासी जनजातिको छाता संस्था स्थापनामा गरिएको संघर्षको स्मरण गर्दै पत्रकारिता निष्पक्ष, स्वतन्त्र र भयमुक्त हुन आवश्यक रहेको बताउनुभयो।

२०४१ सालदेखि पत्रकारितामा सक्रिय हुनुहुन्छ । उहाँले काठमाडौँबाट प्रकाशित परिस्थिति साप्ताहिकबाट पत्रकारिता यात्रा सुरु गर्नुभएको थियो । त्यसपछि अवलोक, पोखरा साप्ताहिक, जनधारणा साप्ताहिक र आदर्श समाज दैनिकमा कार्यरत रहनुभएका उहाँ हाल फेवा पोस्ट साप्ताहिकमा आबद्ध हुनुहुन्छ। हितानमगर तत्कालीन आदिवासी जनजाति पत्रकार संघ (अनिज) का संस्थापक अध्यक्षसमेत हुनुहुन्छ । यसैगरी, २०८३ सालकी पुरस्कृत गुरुङले भाषा पत्रकारितालाई जिवन्त राख्न सधै अग्रसर रहने बताउनुभयो । २०५४ सालदेखि रेडियो नेपालमा आबद्ध रहँदै आदिवासी जनजाति समुदायका मुद्दा, भाषा, संस्कृति तथा समसामयिक विषयमा पत्रकारितामार्फत निरन्तर योगदान दिँदै आउनुभएको छ । छनोट समितिमा फोनिजका संघीय सल्लाहकार शान्ति गुरुङ र फोनिज गण्डकी इन्चार्ज रुद्र श्रीषमगर सदस्य रहनुभएको थियो। फोनिज कास्कीका अध्यक्ष बिना कुमारी थापाको अध्यक्षतामा सम्पन्न सो कर्म-कर्ण पुरस्कारबाट यसअघि रिता गुरुङ, तिलक पुन, हर्क आले मगर, राज बहादुर गुरुङ, शान्ति गुरुङ, एमबि आस्था मगर, हुम बहादुर गुरुङ, उदय बहादुर अमात्य, रुद्र श्रीष मगर, दिपेन्द्र श्रेष्ठ र खेम सारु मगर सम्मानित भैसक्नुभएको छ । समारोहमा राष्ट्रिय कौराहा संरक्षण पत्रकारिता पुरस्कार २०८३ बाट सम्मानित मिना थापामगर, पोखरा महानगरपालिकाको युवा उत्कृष्ट युवा पुरस्कारबाट सम्मानित दुर्गा रानामगर र पोखरामा संचालन भएको ११ औं राष्ट्रिय हप्किडो च्याम्पियन मेग्मा गुरुङलाई खादा लगाएर सम्मान गरिनुका साथै तमु विद्यार्थी समिति कास्कीका अध्यक्ष सतिश गुरुङको कार्यसमितिले कर्म गुरुङलाई सम्मान समेत गर्नुभएको थियो ।

# च्यारिटी डिनरमार्फत साहारा एकेडेमीलाई सहयोग जुटाउँदै साहारा क्लब अष्ट्रेलिया

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

साहारा क्लब अष्ट्रेलियाको आयोजनामा सिड्नीको रकडेलस्थित द मुग्लान रेस्टुरेन्टमा आयोजित (च्यारिटी डिनर तथा मिट एन्ड ग्रीट) कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा नेपाली फुटबलको विकास, आगामी प्रतियोगिताको तयारी तथा सामाजिक उत्तरदायित्वका विविध विषयमा छलफल गरिएको थियो।

कार्यक्रममा नेपाली फुटबलको वर्तमान अवस्था, खेलाडी उत्पादन, पूर्वाधार विकास तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालको उपस्थिति थप प्रभावकारी बनाउने विषयमा सहभागीहरूबीच फलदायी अन्तर्क्रिया भएको थियो। साथै जारी फिफा विश्वकपका खेलहरूको विश्लेषण र समीक्षासमेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष विजय राउत, तमुधीं अष्ट्रेलियाका अध्यक्ष हिउपति गुरुङ, विभिन्न दिग्गज तथा भेट्रान फुटबल खेलाडी, खेलकर्मी र नेपाली समुदायका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

यसै अवसरमा आगामी १०औँ सहारा अष्ट्रेलिया कप-२०२६ सम्बन्धी छलफल गर्दै प्रतियोगितामा सहभागी हुन इच्छुक क्लबहरूका लागि एक्सप्रेसन अफ इन्ट्रेस्ट खुला गरिएको जानकारी आयोजकले दिएको छ । कार्यक्रमको अर्को आकर्षणका रूपमा आहा-रारा गोल्डकपको २५औँ वर्षगाँठको अवसरमा तयार गरिएको सिल्भर जुबिली एडिसनु जर्सी तथा सीमित संस्करणको स्कार्फ अष्ट्रेलियामा सार्वजनिक गरिएको थियो। कार्यक्रममा सहभागी अधिकांश अतिथिले जर्सी र स्कार्फ खरिद गर्दै साहारा क्लबको अभियानप्रति ऐक्यबद्धता जनाएका थिए ।

कार्यक्रमबाट संकलित सम्पूर्ण रकम पोखरास्थित साहारा एकेडेमीमा आश्रित विपन्न तथा अनाथ बालबालिकाको खेलकुद र शैक्षिक विकासका लागि सहयोगस्वरूप प्रदान गरिने साहारा क्लब अष्ट्रेलियाका अध्यक्ष सिद्धार्थ पौडेलले जानकारी दिए। अध्यक्ष पौडेलका अनुसार कार्यक्रममा सहभागी हुन नसकेका खेलप्रेमी तथा शुभेच्छुकहरूले पनि विशेष संस्करणको जर्सी र स्कार्फ बुकिङ गर्न साहारा क्लब अष्ट्रेलियासँग सिधै सम्पर्क गरी अर्डर गर्न सक्नेछन् । सामाजिक उत्तरदायित्व, नेपाली फुटबलको प्रवर्द्धन र साहारा एकेडेमीलाई सहयोग गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रमले नेपाली समुदायबीच सकारात्मक सन्देश प्रवाह गर्नुका साथै खेल र समाजसेवालाई जोड्ने अभियानलाई थप बल पुगेको आयोजकले जनाएको छ।

# मुलुकलाई केन्द्रमा राखेर प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्छौं: आङ्देम्बे

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले मुलुकलाई केन्द्रमा राखेर प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका रूपमा रचनात्मक र सक्रिय भूमिका निर्वाह गर्ने बताउनुभएको छ।

पार्टी संसदीय दलको कार्यालयमा सोमबार संसदीय मामिला विषयमा कलम चलाउने पत्रकारहरूसँगको छलफलमा उहाँले मुलुकलाई केन्द्रमा राखेर सत्तापक्षलाई पनि संसद् र जनताप्रति उत्तरदायी बनाउनेमा सकारात्मक भूमिका निर्वाह गर्ने बताउनुभयो । संसदीय समितिलाई अनिर्णयको बन्दी बन्न नदिन पनि सबै प्रतिपक्षी दललाई समेटेर कांग्रेस अघि बढ्ने नेता आङ्देम्बेको भनाइ छ । "प्रमुख प्रतिपक्षी दलका नाताले सबै विपक्षीलाई समेटेर विमति राख्दै संसद्मा दैनिक कार्यसूची अघि बढाउन पनि सहयोग गरिएको छ । संसद्मा प्रश्न राख्ने, प्रस्ताव दर्ता गराउने र समितिको गाम्भीर्यतालाई मनन गरी काम गर्छौं, सत्तापक्षलाई सदन र जनताप्रति उत्तरदायी बनाउनतर्फ सकारात्मक भूमिकामा रहन्छौँ," उहाँले भन्नुभयो। कांग्रेस प्रमुख सचेतक वासना थापाले संसद्को प्रभावकारिताका लागि दलले यस्ता छलफललाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो ।






# सडक चौपायाको व्यवस्थापनमा पोखरा महानगरको सक्रियता

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

सडकमा छाडा छोडिएका ३२० चौपायाको व्यवस्थापन गरिएको छ । पोखरा महानगरपालिकाले बेवारिसेपूर्वक स्वतन्त्र छोडिएका जनावरको उचित संरक्षण गरेको हो । सडक दुर्घटना हुनबाट जोगाउन जनावरलाई 'पुष्करणी परोपकारगोकुलधाम' (गौशाला) मार्फत हेरचाह गरिएको छ। प्राप्त दूध र कम्पोष्ट मल बिक्री गरी



गोलधामले रचनात्मक काम सुरु गरेको छ । महानगरको जनावर उद्धार वाहनमार्फत चौपायालाई पोखरा-१४ बाच्छिवुडुवामा पुऱ्याइएको नगर प्रहरी निरीक्षक पुरुषोत्तम थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सडकमा बेवारिसे भेटिएका चौपायालाई उद्धार गरी गौशालासम्म पुऱ्याउने गरेका छौँ ।" गाईगोरुको संरक्षण भएसँगै उक्त ठाउँ गोकुलधामका रुपमा चिनिन थालेको छ । गौशलामा गाई, गोरु र बाच्छाबाच्छी गरी ३२० भन्दा बढी चौपाया छन् । गौशला सञ्चालनका लागि महानगरले बर्सेनि आर्थिक सहयोग दिँदै आएको छ।

## भानुभक्त ...

भाषाको संरक्षण गरी आदिकवि भानुभक्तले भाषाका माध्यमबाट नेपालीहरूलाई एकताबद्ध गर्नुभएको बताउनुभयो।

साथै, लाखौं नेपालीहरू विदेशिने क्रमसँगै अमेरिका, बेलायत र जापानजस्ता देशमा रहेका भावीपुस्ताले आफ्नो भाषिक र साहित्यिक जराको खोजी गर्ने भएकाले नेपाली सम्पदाको संरक्षणका लागि आजै बलियो आधार तयार पार्नु अपरिहार्य भएको उहाँले उल्लेख गर्नुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# जयन्तीमा मात्रै जाग्ने भानुभक्तको जन्मथलो

**पोखरापत्र संवाददाता**
दमौली, २९ असार

असार महिना लागेपछि चुँदीरम्घामा चहलपहल बढ्छ । आदिकवि भानुभक्त आचार्यको जन्मजयन्ती नजिकिँदै जाँदा जन्मस्थलमा सरसफाइ हुन्छ, रङरोगन गरिन्छ, विभिन्न सांस्कृतिक तथा साहित्यिक कार्यक्रमको तयारी सुरु हुन्छ । साहित्यकार, विद्यार्थी, राजनीतिक नेतृत्व र सर्वसाधारणको आवतजावत बढ्छ । तर जयन्ती सकिएपछि फेरि त्यही जन्मथलो सुनसान बन्छ । वर्षभर नेपाली भाषाका महाकवि जन्मिएको यस पवित्र स्थल ओझेलमै पर्छ ।

नेपाली भाषा र साहित्यलाई जनस्तरसम्म पुर्‍याउने आदिकवि भानुभक्त आचार्यको जन्मथलो भानु नगरपालिका-४ चुँदीरम्घा हरेक वर्ष असार २९ गतेको वरिपरि मात्रै चर्चामा आउने गरेको छ । बाँकी समय भने यो ऐतिहासिकस्थल अपेक्षाकृत सुनसान रहने स्थानीयको गुनासो छ । स्थानीय स्थानीय सन्देश आचार्यले भानुभक्तको नामले देशभर सम्मान गरिए पनि उहाँको जन्मस्थलले अझै पनि अपेक्षित प्राथमिकता पाउन नसकेको बताउनुभयो । "जयन्तीका बेला सबै आउँछन्, भाषण गर्छन्, योजना सुनाउँछन् । कार्यक्रम सकिएपछि फेरि सबै हराउँछन् ।



वर्षभर जन्मथलो सुनसान नै हुन्छ", उहाँले गुनासो गर्नुभयो ।

भानु जयन्तीका अवसरमा विभिन्न साहित्यिक गोष्ठी, कविता वाचन, सांस्कृतिक कार्यक्रम आयोजना गरिन्छ । विद्यालयका विद्यार्थीदेखि साहित्यकारसम्मको उपस्थिति रहने यस अवसरमा जन्मथलो केही दिनका लागि मात्रै जीवन्त बन्छ । तर स्थायी रूपमा पर्यटन र साहित्यिक गतिविधि सञ्चालन हुन नसक्दा त्यसको प्रभाव केही दिनमै हराउने गरेको उहाँको भनाइ छ । भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले चुँदीरम्घालाई अन्तरराष्ट्रियस्तरको साहित्यिक उद्यानका रूपमा विकास गर्ने महत्वाकाङ्क्षी योजना कार्यान्वयनको चरणमा पुगेको बताउनुभयो । यसका लागि सङ्घीय सरकारले आगामी आर्थिक वर्षका लागि रु २४ करोडभन्दा बढी बजेट सुनिश्चित गरिसकेको उहाँले बताउनुभयो । "हामी चुँदीरम्घालाई केवल स्मारक स्थलमा सीमित राख्न चाहँदैनौँ", उहाँले भन्नुभयो, "यसलाई साहित्यिक पर्यटनको केन्द्र र सप्तधामका रूपमा विकास गर्ने लक्ष्य राखेका छौँ । बजेट सुनिश्चित भइसकेकाले अब निर्माण कार्यले गति लिन्छ ।"

गुरुयोजनाअनुसार नगरपालिकाले ४३५ रोपनी जग्गा अधिग्रहण गरिसकेको छ । सोही क्षेत्रमा बहुआयामिक साहित्यिक संरचना निर्माण गरिनेछ । चुँदीरम्घाको उत्तरतर्फ रम्घाडाँडामा परम्परागत गोलघर शैलीको भानु भवन निर्माण हुनेछ। उक्त भवनभित्र आदिकवि भानुभक्तको जीवन, साहित्यिक योगदान र ऐतिहासिक सामग्रीलाई चित्र, अभिलेख तथा प्रदर्शनीमार्फत प्रस्तुत गरिनेछ ।

त्यसैगरी भवनमाथि ५४ फिट अग्लो पलेटी मारेर बसेको आदिकवि भानुभक्त आचार्यको विशाल प्रतिमा निर्माण गर्ने योजना छ । यो प्रतिमा चुँदीरम्घाको प्रमुख आकर्षण बन्ने विश्वास गरिएको छ । गुरुयोजनामा नेपालका सातै प्रदेशका भाषा, साहित्य र संस्कृतिको प्रतिनिधित्व हुने मूर्तिवाटिका निर्माण गर्ने योजना पनि समेटिएको छ । त्यहाँ विभिन्न साहित्यिक व्यक्तित्वका प्रतिमा स्थापना गरिनेछ । साथै भानु साहित्यिक ग्राम, भानुबस्ती, भानु प्रज्ञा भवन, वनस्पति उद्यान, वनभोजस्थल, पार्किङ क्षेत्र लगायतका संरचना निर्माण गरिनेछ । यससँगै सप्तधाम निर्माण, चुँदीरम्घादेखि शिखरकटेरासिम्मको सडक स्तरोन्नति तथा सुविधासम्पन्न सिँढी निर्माण गर्ने योजना पनि अघि बढाइएको छ। यी संरचनाले चुँदीरम्घालाई धार्मिक, सांस्कृतिक र साहित्यिक पर्यटनको केन्द्रका रूपमा स्थापित गर्ने अपेक्षा गरिएको छ । यो योजना घोषणा मात्रै होइन, समयमै कार्यान्वयन हुनु अझ महत्वपूर्ण रहेको स्थानीय बताउँछन् । गुरुयोजना पूरा भए चुँदीरम्घामा वर्षभर पर्यटक, साहित्यकार र अध्ययन अनुसन्धान गर्नेहरूको आवागमन बढ्ने स्थानीय शङ्कर रानाभाटले बताउनुभयो । त्यसले स्थानीय रोजगारी, पर्यटन व्यवसाय र आर्थिक गतिविधिलाई समेत नयाँ गति दिने विश्वास गरिएको छ ।

# जग्गा खोजीमै अड्कियो बेनीको 'ल्याण्डफिल साइट'

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ असार

बेनी बजारको फोहर व्यवस्थापनका लागि दिगो 'ल्याण्डफिल साइट' निर्माणको योजना सुरु भएको दुई दशकभन्दा बढी भयो । तर अहिलेसम्म जग्गा खोजीमै काम रोकिएको छ। उपयुक्त जग्गा अभावमा बेनी नगरपालिकाले कालीगण्डकी नदी किनारको रातोपहिरो क्षेत्रमा फोहर विसर्जन गरिरहेको छ । जसले वातावरण, जनस्वास्थ्य र धार्मिक सम्पदामा असर परेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

बेनी नगरपालिकाले हरेक आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा बजेटमा फोहोर व्यवस्थापन केन्द्र निर्माणलाई प्राथमिकता दिँदै आएका छ । तर उपयुक्त स्थानमा जग्गा पहिचान हुन नसक्दा योजना कार्यान्वयनमा आउन सकेको छैन । त्यसैले बेनी नगरपालिका-६ रातोपहिरोस्थित कालीगण्डकी नदी किनारमा विसं २०६० देखि फोहर विसर्जन हुँदै आएको छ । रातोपहिरोको फोहर व्यवस्थापनस्थल कालीगण्डकी नदीको किनार तथा बेनी–जोमसोम सडकसँगै रहेकाले त्यसबाट निस्कने दुर्गन्धले आसपासका बस्तीका बासिन्दा, यात्रु, पर्यटक तथा तीर्थयात्री प्रभावित भएका छन् । जलजला गाउँपालिका-२ बगरफाँटका हीराबहादुर बरुवालले खुला रूपमा फोहर फालिँदा बगरफाँट, जलेश्वर, कालीपुल र गलेश्वर क्षेत्रका बासिन्दाले दुर्गन्धको समस्या भोगिरहेको बताउनुभयो । उहाँका अनुसार बेनी-गलेश्वर हुँदै मुस्ताङ आवतजावत गर्ने पर्यटक र तीर्थयात्रीसमेत यसबाट प्रभावित हुने गरेका छन् । बेनी, गलेश्वर, तातोपानी, सिंगा र हाडेभिर क्षेत्रका दुई हजारभन्दा बढी घरधुरीबाट दैनिक तीनदेखि चार ट्र्याक्टर फोहर सङ्कलन गरी रातोपहिरोमा विसर्जन गरिन्छ । नदी किनारमा फोहर नफाल्न तत्कालीन पुनरावेदन अदालत बागलुङले विसं २०७२ मा निषेधाज्ञा जारी गरे पनि विकल्प अभावमा सोही स्थान प्रयोग भइरहेको छ । बेनी नगरपालिकाले फोहोर व्यवस्थापनका लागि 'कम्प्याक्टर' मेसिन र सवारीसाधनसहित पोखरास्थित 'मिसन फर वेस्ट म्यानेजमेन्ट'लाई मासिक रु एक लाख ६० हजारमा जिम्मेवारी दिएको छ । नगरप्रमुख सुरत केसीले सुरक्षित र दिगो ल्याण्डफिल साइटको विकल्प नपाएकाले हालको स्थान प्रयोग गर्नु बाध्यता भएको बताउनुभयो । उहाँका अनुसार पछिल्ला वर्षदेखि फोहर छुट्याएर कुहिने वस्तु खाडलमा व्यवस्थापन गर्ने, पुनः प्रयोगयोग्य सामग्री छुट्याउने तथा कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन गर्ने काम सुरु गरिएको छ। यसले नदीमा प्रत्यक्ष फोहर पुग्ने अवस्था केही घटेको उहाँको भनाइ छ ।

नगरपालिकाले विभिन्न स्थानमा ल्याण्डफिल साइट निर्माणका लागि प्रस्ताव गरे पनि जग्गा प्राप्तिमा सहमति जुट्न नसकेको जनाएको छ । कम्तीमा दुई रोपनी जग्गा आवश्यक पर्ने नगरप्रमुख केसीले जानकारी दिनुभयो । दुई वर्षअघि रातोपहिरो नजिकैको कालीगण्डकी किनारबाट भारतको अयोध्यामा निर्माण भएको राम मन्दिरका लागि देवशिला उत्खनन गरिएको थियो । सोही क्षेत्रलाई 'देवशिला उद्यान'का रूपमा विकास गर्न सङ्घीय र प्रदेश सरकारले फोहर व्यवस्थापन स्थल हटाउनुपर्ने सर्त राखेको नगरपालिकाले जनाएको छ । ल्याण्डफिल साइटको विकल्प पहिचान नभएसम्म दुर्गन्ध नियन्त्रणका लागि औषधि, चुना र माटो नियमित रूपमा प्रयोग गर्न स्थानीयले माग गरेका छन् । हाल फोहर फाल्ने स्थानमा टहरा निर्माण गरी नकुहिने फोहर छुट्याएर कवाडीमा बिक्री गर्ने गरिएको छ । गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले कालीगण्डकी नदी हिन्दू आस्था, जैविक विविधता र प्राकृतिक सम्पदासँग जोडिएको महत्वपूर्ण नदी भएकाले यसको संरक्षणका लागि वैज्ञानिक फोहर व्यवस्थापनको विकल्प तत्काल खोजिनुपर्ने बताउनुभयो ।

# बदलिँदो मौसमले फेरिएको किसानको 'क्यालेन्डर'

**जनक श्रेष्ठ**
लमजुङ, २९ असार

कुनै समय असार लागेसँगै खेतमा रोपाइँको चहलपहल बढ्थ्यो । असारभित्रै अधिकांश खेतमा धान रोपाइँ सकिन्थ्यो । साउन लाग्दा नलाग्दै रोपाइँ भएको खेत हरियाली छाएको देखिने किसानको परम्परागत क्यालेन्डर थियो । तर पछिल्ला वर्षमा मौसममा आएको परिवर्तनसँगै रोपाइँ हुने समय असारमा वर्षाद् नहुँदा पानीको अभावमा किसानको विगतको 'क्यालेन्डर' फेरिन थालेको छ ।

यो वर्ष असार सकिन लाग्दा खोला र खोल्सामा पानी नहुँदा अहिलेसम्म लमजुङका धेरै खेतमा रोपाइँ हुन सकेको छैन । अझै पनि किसान पानी पर्ने आशामा आकाशतिर हेरिरहेका छन् । धान रोपाइँको मुख्य समय मानिने असारको अन्त्यसम्म पनि जिल्लामा अपेक्षित रूपमा रोपाइँ हुन नसक्दा कतिपय किसान चिन्तित छन् । समयमा पर्याप्त वर्षा नहुँदा सिँचाइ सुविधा नभएका क्षेत्रका किसान बढी प्रभावित भएका छन् । कतिपय स्थानमा खोलाको पानी, कुलो तथा अन्य वैकल्पिक स्रोत प्रयोग गरेर रोपाइँ भइरहेको छ भने धेरै किसान



अझै वर्षाको प्रतीक्षामा छन् । कृषि विकास कार्यालयका प्रमुख किरण सिग्देलका अनुसार असार २७ गतेसम्म जिल्लामा करिब ३० प्रतिशत मात्र धान रोपाइँ भएको छ । समयमा पानी नपर्नु र सिँचाइ सुविधा नभएका क्षेत्रमा पानीको अभाव हुनु रोपाइँ ढिलाइको मुख्य कारण रहेको उहाँ बताउनुहुन्छ । गत वर्ष भने यो समयमा धेरै रोपाइँ भइसकेको थियो । अघिल्लो वर्षको तुलनामा यस बर्ष रोपाइँ निकै पछाडि परेको प्रमुख सिग्देलले बताउनुभयो । "समयमा पानी नपरेका कारण रोपाइँ ढिला भएको छ । केही ठाउँमा खोलाको पानी तथा अन्य स्रोत प्रयोग गरेर रोपाइँ भइरहेको छ भने धेरै किसान अझै पानीको पर्खाइमा छन्," उहाँले भन्नुभयो ।

धान रोपाइँको समय स्थानअनुसार उत्पादनमा फरक पर्छ । गर्मी क्षेत्रका किसानले केही ढिला रोप्दा पनि उत्पादनमा ठूलो असर नपर्ने सक्छ भने चिसो क्षेत्रका लागि समयमै रोपाइँ गर्नु आवश्यक हुन्छ । चिसो क्षेत्रमा ढिलो रोप्दा चिसोको समस्या आउने, बाली बिग्रने तथा उत्पादनमा असर पर्न सक्ने भएकाले असार १५ भित्रै रोपाइँ सक्नु उपयुक्त हुने उहाँले बताउनुभयो ।


पछिल्लो समय लमजुङमा स्थानीय जातको धानभन्दा हाइब्रिड जाततर्फ किसानको आकर्षण बढेको छ । हाइब्रिड जातको धान ढिलो रोप्दा तुलनात्मक रूपमा कम असर पर्ने र उत्पादन राम्रो हुने भएकाले किसान त्यसतर्फ आकर्षित हुँदै गएको पाइन्छ । कृषि मजदुरको अभाव र अनुकूल समयमा पानी नपाउनु पनि किसानका लागि चुनौती बनेको छ । कृषि विकास कार्यालयका अनुसार लमजुङमा कुल ६१ हजार ८१९ हेक्टर खेतीयोग्य जमिन छ। त्यसमध्ये नौ हजार २९९ हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ। दोर्दी गाउँपालिकामा पनि यस वर्ष धान रोपाइँ गत वर्षको तुलनामा निकै पछाडि परेको छ।

गाउँपालिकाका कृषि शाखा प्रमुख निरञ्जन पौडेलका अनुसार असार अन्त्यसम्म पालिकाभित्र करिब ५५ प्रतिशत मात्र रोपाइँ भएको छ । गत वर्ष यही अवधिमा करिब ७० देखि ८० प्रतिशतसम्म रोपाइँ सकिइसकेको थियो । दोर्दी गाउँपालिकाका अधिकांश क्षेत्र आकाशे पानीमा निर्भर छ । स्थायी सिँचाइ सुविधा न्यून रहेका कारण किसान वर्षाको भरमा खेती गर्न बाध्य छन् । पर्याप्त पानी नपर्नु र खेतमा भल नआउनु यस वर्ष रोपाइँ ढिलाइको कारण बनेको छ । दोर्दी गाउँपालिका-४ नौथर सेराका किसान लक्ष्मण गुरुङ पनि ढिला रोपाइँबाट प्रभावित हुनुहुन्छ । करिब आठ रोपनी जग्गा रहेका उहाँले पानी पुगेको क्षेत्रमा मात्र रोपाइँ गर्नुभएको छ । "करिब चारदेखि साढे चार रोपनी जति जग्गामा रोपाइँ भइसकेको छ। बाँकी जग्गामा पानी नभएकाले रोपाइँ रोकिएको छ । पानी परेपछि रोप्ने तयारीमा बसेका छौँ," उहाँले भन्नुभयो । दोर्दी गाउँपालिका-८ दुवार गाउँकी किसान लालमाया मिजार पनि खेत तयार पारेर पानीको प्रतीक्षामा हुनुहुन्छ । गत वर्ष यही समयमा पाँच–छ हल खेतमा रोपाइँ सकिसकेको भए पनि यस वर्ष गाउँका अधिकांश किसानको रोपाइँ बाँकी रहेको उहाँले बताउनुभयो । दुवार, बन्सार, खिमचोक क्षेत्रमा आकाशे पानीकै भरमा खेती गर्नुपर्ने अवस्था छ ।

विगतमा मूल फुटेर खोला–नाला बढेपछि त्यही पानी प्रयोग गरेर रोपाइँ गर्ने गरिए पनि यस वर्ष पर्याप्त पानी नपरेपछि किसान अन्यौलमा रहन बाध्य छन् । अर्कातर्फ लामो समयसम्म रोपाइँ नभए बीउ राख्दा उत्पादनमा असर पर्ने किसानको चिन्ता छ । सामान्यतया ४० दिनभित्र रोप्नुपर्ने धानको बीउ कतिपय किसानको दुई महिनासम्म पुग्न लाग्दा रोप्न नपाएको किसान मिजारको गुनासो छ । मौसममा आएको फेरबदलले लमजुङका किसानको खेती गर्ने समय र परम्परागत कृषि क्यालेन्डरमा समेत परिवर्तन ल्याएको छ । रोपाइँका लागि खेत र बीउ तयार छ, पानीको अभावले काम रोकिएको धान रोपाइँ प्रभावित भएको छ।

समयमै रोपाइँ हुन नसक्दा धान पाक्ने समय पछाडि सर्ने र उत्पादन घट्ने किसानमा चिन्ता उत्तिकै छ । असारमा सकिनुपर्ने रोपाइँ साउन कुर्नुपर्ने बाध्यता पर्नुले बदलिँदो प्राकृतिक अवस्थासँग किसानले गरिरहेको सङ्घर्ष उदाहरण बनेको छ ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३२ निवासी भारतीय भु.पु.सै.नं. ५७५१०२२ HNK का पृथ्वी नायारण श्रेष्ठको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर पृथ्वी नारायण श्रेष्ठ भएको, श्रीमती को नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मोती कुमारी श्रेष्ठ र जन्म मिति वि.सं. २०२५।१२। ३० तदानुसार ई.सं. १९६९-०४-१२ भएको, ठूलो छोरीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर अञ्जु श्रेष्ठ भएको, कान्छी छोरीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मञ्जु श्रेष्ठ उल्लेख भएको र भारतीय पेन्सन अभिलेखमा क्रमश: पेन्सनरको नामथर पृथ्वी नारायण थापा भएको, श्रीमतीको नामथर मोती कुमारी थापा र जन्म मिति ई.सं. १९७०।०५।१४ भएको, ठूली छोरीको नामथर अञ्जु थापा भएको, कान्छी छोरीको नामथर मञ्जु थापा उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएका व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालयको च.नं. ५०४० मिति २०८३।०३। २५ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**


# पूर्वाधार विकासमा अग्रसर व्यास

**पोखरापत्र संवाददाता**
दमौली, २९ असार

व्यास नगरपालिकाले पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राख्दै सडक स्तरोन्नति, ढल व्यवस्थापन, विद्युतीकरण, सिँचाइ तथा नदी नियन्त्रणका कार्यक्रम अघि सारेको छ ।

नगरप्रमुख वैकुण्ठ न्यौपानेले नगरभित्रका सडकलाई वर्षभरि नै सञ्चालनयोग्य बनाउने तथा योजनाबद्ध रूपमा स्तरोन्नति गर्ने नीति लिइएको जानकारी दिनुभयो । उहाँका अनुसार नगरभित्रका सडकको लगत कट्टा गर्दै आवश्यक सडकलाई स्तरोन्नति गरिनेछ । दीर्घकालीन योजना, आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा एकीकृत सहरी विकास कार्यक्रमको मार्गदर्शनअनुसार नगरपालिकाको सन्तुलित विकास अवधारणालाई कार्यान्वयन गरिएको छ ।

नगरप्रमुख न्यौपानेले दमौलीसहितका सहरी क्षेत्रमा वर्षायाममा हुने डुबान र ढल निकासको समस्यालाई समाधान गर्न फोहर पानी प्रशोधन केन्द्रसहितको गुरुयोजना तयार गरी क्रमशः कार्यान्वयन गरिने बताउनुभयो । नगरपालिका र नेपाल विद्युत् प्राधिकरणबीचको सहकार्यमा सहरी वडामा स्मार्ट लाइट जडान तथा ग्रामीण वडाका सबै गाउँमा विद्युतीकरण विस्तार गरिनेछ । सडक बत्तीलाई व्यवस्थित गर्दै 'उज्यालो नगरपालिका' अभियानलाई कार्यान्वयनमा ल्याइने उहाँको भनाइ छ ।

कृषि उत्पादन वृद्धि र सिँचाइ सुविधा विस्तारका लागि व्यास-१० दुम्सीचौरस्थित निर्माणाधीन नारेश्वर तालबाट पानी लिफ्ट गरी दुम्सीचौर क्षेत्रमा सिँचाइ सुविधा विस्तार गर्ने कार्यक्रमलाई पनि प्राथमिकतामा राखिएको छ । नगरपालिकाले सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई निरन्तरता दिने भएको छ । प्रत्येक वडा, बस्ती तथा टोल विकास संस्थाको सहभागिता र परामर्शमा विकास आयोजना छनोट गर्ने नीति अवलम्बन गरिएको छ। विकास आयोजनामा उपभोक्ताको सहभागितालाई पनि स्पष्ट रूपमा निर्धारण गरिएको छ । नगरप्रमुख न्यौपानेले आगामी आर्थिक वर्षदेखि उपभोक्ता समितिमार्फत सञ्चालन हुने रु १० लाखभन्दा कम लागतका योजनामा तीन प्रतिशतमात्रै 'कन्टिन्जेन्सी' कट्टा गरिने जानकारी दिनुभयो। "यसले स्थानीयस्तरमा साना विकास योजनाकोप्रभावकारिता बढाउनुका साथै मर्मतसम्भारका लागि छुट्टै स्रोत सुनिश्चित गर्न सहयोग पुग्नेछ", उहाँले भन्नुभयो । सहरी क्षेत्रका चोक, सडकपेटी तथा जीर्ण सडकको स्तरोन्नतिका लागि सडक बोर्ड नेपालसँग सहकार्य गरिनेछ । नगरभित्रका सबै सडकको वर्गीकरण गरी सडक किनारमा वृक्षरोपण अभियान सञ्चालन गरेर हरियाली प्रवर्द्धन गरिने नीति अघि सारिएको छ ।

नगरप्रमुख न्यौपानेले सेती र मादी नदी उपत्यकामा रहेको व्यास मार्ग तथा बुद्धसिं मार्गलाई यस क्षेत्रको 'जीवनरेखा'का रूपमा विकास गर्ने लक्ष्य राखिएको बताउनुभयो । तनहुँ, लमजुङ र कास्की हुँदै गण्डकी र बागमती प्रदेश जोड्ने उक्त सडकलाई 'व्यास-बुद्धसिं मार्ग' नामकरण गरी सङ्घीय सरकारअन्तर्गत निर्माण तथा विस्तारका कामलाई पूर्णता दिन पहल गरिने उहाँले जानकारी दिनुभयो ।


गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
**एकीकृत सेवा कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८३/०३/२५

यस कार्यालयबाट मिति २०७६/०६/२६ मा कास्की जिल्ला पोखरा ३१, कास्कीमा संचालन गर्ने गरि दर्ता भएको फर्म दर्ता नं. १७८४४/०७७/०७८ को क्रेडल एग्रो फार्म नामक फर्म बन्द गरी पाउँ भनी प्रोप्राईटर श्री मनकाजी थापा स्वंयम् उपस्थित भई मिति २०८३/०३/२४ मा आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**एकीकृत सेवा कार्यालय, कास्की**